हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

आज मिती २०७७ साल चैत्र महिनाको ०२ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | [signature] |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | [signature] |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | [signature] |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | [signature] |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेष | [signature] |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | [signature] |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | [signature] |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | [signature] |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | [signature] |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | [signature] |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | [signature] |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | [signature] |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | [signature] |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | [signature] |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | [signature] |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | [signature] |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | [signature] |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | [signature] |

प्रसाद देवकोटा
प्रमुख प्रशासकिय अधिकृत

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिति २०७७।१२।०२

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. वडा नं. ९ को योजना संशोधन सम्वन्धमा ।
२. अपाङ्गको नपुग रकम थप सम्वन्धमा ।
३. राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको नपुग रकम थप गरी भुक्तानी गर्ने सम्वन्धमा ।
४. ओमशान्ती भवनको नपुग रकम थप सम्वन्धमा ।
५. लेखापरिक्षण गर्दा भएको खाना, होटलवास खर्च भुक्तानी गर्ने सम्वन्धमा ।

**निर्णय नं. १**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको वडा नं. ९ को योजना संशोधन सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं. ९ पिडारीको छैठौ नगरसभाको पेज नं. ३४ सि.नं. ८ खर्च शिर्षक ३११५९ वडा नं. ९ पिडारी लखनदेही खोलाको तटवन्ध मर्मत सम्भार रु. ३,००,०००।०० र पेज नं. ३५ सि.नं. २२ खर्च शिर्षक ३११५९ वडा नं. ९ पिडारी आर्य समाज भवन निर्माण रु. ५,००,०००।०० रकमबाट संशोधन गरी पिडारी खानेपानी पाइपलाईन विस्तार गर्न अतिआवश्यक भएकोले सो रकम पिडारी खानेपानी पाइपलाईन विस्तार कार्य गर्न रु. ८,००,०००।०० खर्च गर्ने गरी आठौं नगरसभाबाट अनुमोदन गर्ने गरी निर्णय गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको अपाङ्गको नपुग रकम थप सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको अपांग कार्यक्रम अन्तर्गत व्हीलचियर वितरण गरेको समयमा अपांगहरुलाई आवत जावत यातायात खर्च वापत प्रति अपांगलाई रु. २५०।०० का दरले जम्मा खर्च रकम रु. २०,०००।०० भएकोले महिला विकास शाखा श्री अनिता भट्टराईलाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको नपुग रकम थप गरी भुक्तानी गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा मिति २०७७।११।२० र २१ गते राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता भएकोमा सशर्त कार्यक्रमबाट रकम रु. १,००,०००।०० विनियोजित रकमबाट नपुग रकम छैठौ नगरसभाको पेज नं. ९ सि.नं. ४२ खर्च शिर्षक २२५२९ विविध कार्यक्रम सांस्कृतिक पुजापाठ समुदाय तथा न्यायीक समितिको मेलमिलाप कार्यक्रम आदिबाट रु. ८,००,०००।०० विनियोजित रकम मध्येबाट रकम रु.

प्रमीला

मिती २०७७।१२।०२

२,०४,७४५।०० खर्च रकम सामाजिक विकास समितिका संयोजक श्री हृदय नारायण पजियारलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको **ओमशान्ती भवनको नपुग रकम थप भुक्तानी गर्ने** सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ को ओम शान्ती भवनको छत ढलान कार्यको लागि लगत अनुमानको आधारमा नपुग रकम छैठौ नगरसभाको पेज नं. ९ सि.नं. ४२ खर्च शिर्षक २२५२९ विविध कार्यक्रम सांस्कृतिक पुजापाठ समुदाय तथा न्यायीक समितिको मेलमिलाप कार्यक्रम आदिबाट रु. ८,००,०००।०० विनियोजित रकम मध्येबाट रकम रु. ३,००,०००।०० ओम शान्ती भवन निर्माणका लागि विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको **लेखापरिक्षण गर्दा भएको खाना, होटलवास खर्च भुक्तानी गर्ने** सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७६।०७७ को लेखापरिक्षण गर्न आउनु भएका लेखापरीक्षकज्युहरु तथा यस कार्यालयका प्रत्येक शाखाका शाखा प्रमुखहरु २०७७।१०।३० गते देखि २०७७।११।०२ गते सम्म, २०७७।११।०७ गते देखि २०७७।११।१५ गते सम्म र २०७७।११।२८ गते देखि २०७७।१२।०२ गते सम्म लेखापरीक्षणको क्रममा होटलमा वास तथा खाना, नास्ता र अन्य खर्च भएकोले छैठौ नगरसभाको विविध कार्यक्रमबाट रोयल लालबन्दी होटल गेष्ट हाउसलाई रु. ६४,०००।०० र यस कार्यालयका आलेप शाखाका प्रमुख श्री वैकुण्ठ सापकोटालाई रु. ३४,५७६।०० गरी जम्मा रकम रुं ९८,५७६।०० खर्चको भुक्तानी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत